# पालिकाबाटै श्रमस्वीकृति पाउँदा संघीयता महसुस

दमौली, २३ वैशाख (कास): तनहुँका स्थानीय तहले श्रमस्वीकृति दिन थालेपछि सेवाग्राहीलाई सहज भएको छ । यसअघि श्रमस्वीकृतिका लागि पोखरा जानुपर्ने बाध्यता रहेकामा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले वैशाख १ गतेदेखि सबै स्थानीय तहबाट श्रमस्वीकृति दिने व्यवस्था मिलाएको छ।

सोहीबमोजिम स्थानीय तहबाटै श्रमस्वीकृति पाउँदा सहज भएको बन्दीपुर गाउँपालिका-१ का रामशरण खड्काले जानकारी दिए। खड्काले बन्दीपुर गाउँपालिकाको रोजगार शाखाबाट श्रमस्वीकृति पाएका छन् । आवश्यक सबै कागजात बुझाएपछि रोजगार शाखाबाट एक दिनमै श्रमस्वीकृति पाएको उनले बताए ।

"यसअघि श्रमस्वीकृतिका लागि पोखरा जानुपर्थ्यो। पोखरा गएर लाइन बस्नुपर्ने, भीडभाड हुने समस्या थियो। भीडभाड हुँदा एक दिनमा काम सकिँदैनथ्यो," उनले भने, "अहिले बल्ल संघीयता आएको जस्तो महसुस भयो।"

बन्दीपुर गाउँपालिका-४ का शिवराज परियारले पनि गाउँपालिकाबाटै श्रमस्वीकृति लिए । "अहिले गाउँघरमै सेवा पाउँदा समयको बचतसँगै आर्थिक भारसमेत कम भयो। पोखरा आउजाउ, उस्तै परे बास बस्नुपर्दा बढी खर्च हुन्थ्यो," परियारले भने।

बन्दीपुर गाउँपालिकाका रोजगार संयोजक शरणसिंह गुरुङका अनुसार श्रमस्वीकृतिबारे आवश्यक परामर्शसमेत दिने काम भइरहेको छ । "कतिपयलाई स्थानीय तहबाटै श्रमस्वीकृति पाइन्छ भन्ने जानकारी हुन सकिरहेको छैन, यसबारेमा हामीले सूचना पनि दिइरहेका छौं," उनले भने ।

वैदेशिक रोजगारीमा जाने युवाले यसअघि पोखरा वा काठमाडौं गएर श्रमस्वीकृति लिनुपर्ने बाध्यता रहेकामा अब गाउँघरमै रहेका स्थानीय सरकारमार्फत उक्त सेवा पाउन थालेपछि सहज भएको गुरुङले बताए । "यसअघि अन्यत्रै गएर श्रमस्वीकृति लिनुपर्दा सेवाग्राहीलाई झण्झट हुन्थ्यो, लागत पनि बढी पर्थ्यो । तर, अब स्थानीय सरकारबाटै सेवा सुरु भएपछि सजिलो भएको छ," उनले भने ।

श्रमस्वीकृतिका लागि सम्बन्धित व्यक्तिले पासपोर्ट र भिसासम्बन्धी कागजात पेश गर्नुपर्ने हुन्छ । सोही कागजातका आधारमा रोजगार केन्द्रले श्रमस्वीकृतिका लागि आवश्यक सहजीकरण गरिदिने गुरुङले बताए । श्रमस्वीकृति लिनुपूर्व सामाजिक सुरक्षा कोष, कल्याणकारी कोष र बीमाका लागि तिर्नुपर्ने रकम आफूहरुले मोबाइल बैंकिङबाट तिरिदिएर सहजीकरण गरिदिने उनले सुनाए । "मोबाइल बैंकिङ हुने र जान्नेहरुले आफैं तिर्नुभए पनि हुन्छ, नभए हामीले उहाँहरुसँग पैसा लिएर मोबाइल बैंकिङ गरिदिन्छौं," उनले भने ।

वैदेशिक रोजगारीमा जानुपूर्व कल्याणकारी कोषका लागि एक हजार पाँच सय, सामाजिक सुरक्षा कोषका लागि न्यूनतम दुई हजार र बीमाका लागि उमेर अनुसारको शुल्क तिर्नुपर्ने हुन्छ । यी काम भएपछि अनलाइनमार्फत श्रमस्वीकृति प्राप्त हुने र सम्बन्धितलाई मोबाइलमा पठाइदिने व्यवस्था मिलाइएको छ।

"पहिले श्रमस्वीकृतिका लागि पोखरा जानुपर्थ्यो, एजेन्ट लगाउनुपर्थ्यो। पैसा पनि बढी तिर्नुपर्ने गुनासो आउने गरेको थियो । अब स्थानीय तहबाटै सेवा लिन पाउँदा सजिलो भएको छ," गुरुङले भने । एजेन्ट लगाउँदा ठगिने गरेको गुनासो पनि आउने गरेको थियो ।

आँबुखैरेनी गाउँपालिकाले पनि पालिकाबाटै श्रमस्वीकृति दिने व्यवस्था मिलाएको छ । वैदेशिक रोजगारीलाई थप व्यवस्थित, सुरक्षित, भरपर्दो र पारदर्शी बनाउनुका साथै सेवाग्राहीलाई स्थानीय तहबाटै सेवा दिने मन्त्रालयको अनुमतिपछि व्यक्तिगत श्रमस्वीकृति र पुनः श्रमस्वीकृतिका लागि रोजगार केन्द्रमा सम्पर्क गर्न सकिने प्रमुख प्रशासकीय अधिकृत विष्णुप्रसाद शर्माले जानकारी दिए । जिल्लाको शुक्लागण्डकी नगरपालिकाले पनि मन्त्रालयको परिपत्रबमोजिम पालिकाबाटै श्रमस्वीकृति दिने व्यवस्था मिलाएको नगरपालिकाका रोजगार संयोजक कमला गैह्रे सुवेदीले जानकारी दिइन् । तनहुँका व्यास नगरपालिका, म्याग्दे गाउँपालिका र ऋषिङ गाउँपालिकाले पनि श्रमस्वीकृति दिने व्यवस्था मिलाइसकेका छन् ।

# ११ महिनामा पाँच हवाई दुघ

## ५ मध्ये ३ दुर्घटनामा मानवीय क्षति

शुक्रवार संखुवासभाको भोटखोला-४ सिप्रुङमा दुर्घटना ग्रस्त भएको सिम्रिक एयरको हेलिकोप्टर । सो दुर्घटनामा परेर एक जनाको मृत्यु भएको छ भने चार जना घाइते भएका छन् ।

*तस्विर : सामाजिक सञ्जाल*

**कारोबार संवाददाता**

काठमाडौं, २३ वैशाख

पछिल्लो ११ महिनामा ५ हवाई दुर्घटना भएका छन् । माघ १ मा नेपालको हवाई क्षेत्रमा पहिलो पटक एटीआर-७२-५०० विमान दुर्घटना भएको केही महिनामै शुक्रवार संखुवासभाको भोटेखोलामा सिम्रिक एयरको '९एन-एजेजेड' हेलिकोप्टर दुर्घटनामा भएको छ। यो दुर्घटनामा १ जनाको मृत्यु भएको छ भने ४ जना घाइते भएका छन्।

२०७९ चैत २५ गते काठमाडौंको ह्याम्स अस्पतालमा एयर डाइनेस्टीको हेलिकोप्टर अवतरणका क्रममा दुर्घटनामा परेको थियो । फेरि चैत २६ मा धौलागिरि बेसक्याम्प नजिकै एभरेस्ट एयरको हेलिकोप्टर अवतरणकै क्रममा दुर्घटना भयो तर दुवै हेलिकोप्टर दुर्घटनामा मानवीय क्षति भएन् । माघ १ गते पोखरा विमानस्थलनजिकै एटिआ-७२ विमान दुर्घटनामा परेसँगै आन्तरिक उडानमा सबभन्दा ठूलो मानविय क्षति पनि भएको थियो । ११ महिनाको अन्तरालमा ५ दुर्घटनाबाट ९५ यात्रुले ज्यान गुमाएका छन् । आन्तरिक उडानमा व्यावसायिक यात्रुवाहक विमान सन् २०१६ पछि पोखरामा यतिको विमान दुर्घटना भएको थियो भने तारा एयरको सन् २०१६ मा म्याग्दीमा दुर्घटना हुँदा २३ जनाले ज्यान गुमाएका थिए।

यसअघि गत २०७९ जेठ १५ गते पोखराबाट जोमसोमका लागि उडेको तारा एयरको ट्विनअटर विमान दुर्घटनाग्रस्त हुँदा २२ जनाको निधन भएको थियो । नेपालमा भौगोलिक विकटताले गर्दा हेलिकोप्टरको प्रयोग बढ्दो र भरपर्दो हवाई यात्राको साधन मानिँदै आएको छ । तर नियामक निकायले सुरक्षामा ध्यान नदिँदा हवाइ दुर्घटनामा वृद्धि भएको नेपाल नागरिक उड्डयन प्राधिकरणमा पूर्व महानिर्देशक रतिशचन्द्रलाल सुमनले बताए। उनले भने, "हवाई सुरक्षा र सेफ्टीमा ध्यान दिन नसक्दा पछिल्लो ११ महिनामानै ५ हवाई दुर्घटना भएका छन् । सेफ्टी र सुरक्षामा भएको कमजोरी पत्ता लगाएर सुधार गर्न नसक्दा हवाई दुर्घटना बढेको हो ।" करिब १० वर्ष बेतित हुन लाग्दासमेत नेपालको उड्डयन क्षेत्र युरोपियन युनियन(ईयू)को गम्भिर सुरक्षा चासोको (कालो सूची)बाट हट्न नसकिरहेको अवस्थामा पछिल्ला हवाई दुर्घटनाले थप चुनैती थप गरेको छ । दुर्घटनाको सूचीमा वृद्धि भएसँगै एयर सेफ्टी लिस्टबाट हट्ने सम्भावना कम हुने पूर्व महानिर्देशक सुमनको भनाइ छ।

सन् २००९ देखि नै ईयूले एकै निकायले सेवा र नियमन गर्दा स्वार्थ बाझिने भएकाले गर्दा नियमन गर्ने निकाय र सेवा प्रदान गर्ने निकाय छुट्टाएर काम गर्ने सुझाउँदै आएको भएपनि हालसम्म सो कार्यले मूर्त रुप पाउन सकेको छैन। सन् २०१० देखि सन् २०१२ को अवधिमा भएका दर्घटनाका कारण ९९ जनाले ज्यान गुमाएका थिए । छुट्टाछुट्टै निकाय बनाएर सेवा दिन र नियमन गर्न सुझाउँदै आएको अन्तर्राष्ट्रिय नागरिक उड्डयन संघठन (आइकाओ) ले २०१३ को जुलाईमा गम्भिर चासोको सूचीमा राखेर सन् २०१७ को जुलाइमै हटाएको थियो । तर, ईयूले भने २०१३ डिसेम्बरमा २७ राष्ट्रको समूहमा नेपाली

वायुयानला
(कालोसूची
हवाई सुरक्ष
नेपाललाई
हालसम्म ह
जुन
लाग्दासमेत
एयर सेप्टि
अपग्रेट ग
ईयूको बैठ
अपटेड गं
राख्दै निरन
नियाम
सेफ्टीमा
नागरिक उ
परिवर्तनको
महानिर्देशव
उनले भने,
विमान दु
गम्भिर सम
पछिल्
एभीएसन
अनुसार पे
आकाशमा
दुर्घटना हो
उडानमा भ
व्याव
सन् १९९
एयरलाइन्स
जनाको ज्य
आन्तरिकमै
२००० को
२५ जना
यात्रुवाहक
२०१० को
जनाको मृत
भने शुक्रव
भने यो ११
भएको छैन
दुर्घटना सन्
भीभीआइप
हेलिकोप्टर
जनाको मु

# प्रभावकारी सेवाले पशु अस्पतालमा घुइँचो

**रेशमराज रोकाया**

हुम्ला, २३ वैशाख

प्रभावकारी सेवासँगै पशु अस्पतालमा किसानको भिड लाग्ने गरेको छ। भिड बढेपछि पशु अस्पताल हुम्लाका डाक्टर भिम तिमिल्सिना बिहानै अस्पताल पुग्ने गरेका छन् ।

पशु सेवा अस्पतालमा हरेक दिन ३० देखी ४० वटा पशुवस्तु बिहान, बेलुका कार्यलय समयमा किसानले ल्याउने गरेका छन् । गत आर्थिक वर्षमा कार्यालयमा औषधी अभाव र दक्ष स्वास्थ्यकर्मी नहुँदा किसानले उपचारको अभाव भोग्दै आएका थिए । स्थानीय तहका पशु सेवा शाखाले हरेक आर्थिक वर्षमा उचित बजेट नछुट्याउँदा औषधी खरिद र सेवा प्रवाहमा यथोचित व्यवस्था नगर्दा पशु सेवा कार्यालयमा भिँड बढ्ने गरेको कार्यालय प्रमुख कृष्ण रोकायाले बताए।

आफुसँग प्रदेश सरकारले औषधी खरिदको लागि १ लाख रुपैंया वार्षिक बजेटको व्यवस्था गर्नाले थप समस्या हुने गरेको रोकायाको भनाइ छ। किसानहरू उपचारको लागि पहिले गाउँपालिकाको स्वास्थ्य शाखामा सम्पर्क गर्नु भन्दा हाल दक्ष डाक्टरको सेवा पाउँदा पशु अस्पतालमा नै आउने गरेको भेटिएको छ।

तिमिल्सिनाले आफु प्राविधिक भएको भएता पनि कार्यलयको अन्य काममा व्यस्त रहनु पर्ने भएकोले अस्पतालमा भए देखी आफुलाई सेवा प्रवाहको लागि सहज भएको कार्यालय प्रमुख कृष्ण रोकायाले बताए । पशुवस्तुको उपचारको लागि स्थानीय तहले बजेट र जनशक्तिको व्यवस्थापन गर्न नसक्दा हुम्लाका पशु किसानलाई समस्या हुँदै आएको छ । गत वर्षमा किसानले करिब १ करोड भन्दा बढी उपचार नै नपाएर नोक्सान व्हहोर्नु परेको स्थानीयको भनाइ छ।

हुम्लामा हाल नाम्खा गाउँपालिका र सिमकोट गाउँपालिकामा चौंरी पालन अन्य गाउँपालिकामा जुमा, भोपा, भेडा बाख्राको पालनले गर्दा राम्रो आम्दानी लिने गरेका छन् । आम्दानीको लागि दक्ष प्राविधिकको अभावले हाल पशु किसानले पशु व्यवसाय फष्टाउन नसकेको बेला पशु अस्पतालले गरेको सेवा प्रवाहको चौतर्फी बयान भईरहेको छ।

# मुसहर महिलालाई तालिम

सर्लाही, २३ वैशाख (कास) : सर्लाहीको चन्द्रनगर गाउँपालिकाको मुसहर महिलाका नेतृत्वमा संचालित सहकारीका संचालक सदस्यलाई संचालन तथा व्यवस्थापन सम्बन्धि तालिम दिईएको छ।

चन्द्रनगर गाउँपालिकास्थित नाढी तालमा रहेका सभा हलमा मुसहर महिला सशक्तिकरण संजालद्वारा संचालित महाजन मुक्त बचत तथा ऋण सहकारी संस्थाका सदस्यहरुलाई तालिम दिइएको साप नेपालका मधेस प्रदेश संयोजक जनक कार्कीले जानकारी दिए।

साप नेपालले सञ्चालन गरेको नेपालमा स्थानीय सरकारको लैंगिक उत्तरदायी सुशासन प्रवर्द्धन परियोजना अन्तर्गत सहकारी स्थापना गरिएको उनले बताए। महाजनको चर्को ब्याज र श्रम शोषणबाट छुटकार दिलाएर आर्थिक, सामाजिक रुपमा सबल बनाउन सहकारी संचालनमा ल्याएको बताउदै सहकारीलाई पारदर्शी ढंगले चुस्त र दुरुस्त रुपमा संचालन गर्न अनुशिक्षणले उनिहरूको क्षमता विकास गर्न मद्दत पुग्ने उनले दावी गरे।

नेपाल सरकार
उर्जा, जलश्रोत तथा सिंचाई मन्त्रालय
जलश्रोत तथा सिंचाई विभाग
सिक्टा सिंचाई आयोजना
नेपालगंज, बाँके

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

प्रकाशित मिति :- २०८०।०१।२४

**यस आयोजनाबाट मिति** २०७९।११।०८ **मा "कारोबार" राष्ट्रिय दैनिकमा प्रकाशित** ठेक्का नं. SIP/WORKS/SBC/NCB-04/079-80 को सिधनिया शाखा नहर तथा सम्बन्धित संरचना निर्माण कार्यको लागि बोलपत्र आह्वानको **सूचना अनुसार** विद्युतीय माध्यमबाट **दर्ता भएका बोलपत्रहरुको प्राविधिक मूल्यांकनबाट सफल बोलपत्रदाताहरुको आर्थिक प्रस्ताव मिति** २०८०।०१।१५ **गतेका दिन खोलिएकामध्ये देहायको बोलपत्रदाताको कुल कबोल अंक न्यूनतम मूल्याकित सारभूत रुपमा प्रभावग्राही भएकोले सार्वजनिक खरिद ऐन,** २०६३ **को दफा २७ (२) को प्रयोजनार्थ यो सूचना प्रकाशित गरिएको छ ।**

**तपसिल**

| क्र सं | ठेक्का नं. | योजनाको नाम | न्यूनतम मुल्याकित सारभूत रुपमा प्रभावग्राही बोलपत्रदाता | कबोल अंक (PS & VAT साहित) |
|---|---|---|---|---|
| १ | SIP/WORKS/SBC/NCB-04/079-80 | Construction of Canal and Associated Structures of Sidhaniya Branch Canal | M/S Bhagya Laxmi-Mama JV, Lamahi, Dang | २,६७,९६,२४७५३ |

**आयोजना निर्देशक**

कम्पनी ऐन, २०६३ अन्तर्गत संस्थापित र संचालित
**Rawa Energy Development Ltd.**
**रावा इनर्जि डेभलपमेन्ट लिमिटेड**
का.म.पा.- १०, काठमाण्डौं
(आयोजनाको नाम : **माथिल्लो रावा खोला साना जलविद्युत आयोजना–३ मे.वा.**)
वेब साईट : https: rawaenergy.com.np, इमेल : rawa.hydro@gmail.con
को

**आयोजना प्रभावित क्षेत्रका बासिन्दाहरुको नि**
**साधारण शेयर निष्काशन तथा बिक्री बन्द बारेको**

आयोजना प्रभावित क्षेत्रका खोटाङ जिल्ला केपीलासगढी गा.पा. (साविक फेदी, खार्तम्छा, बास्पानी, बा
सुङ्देल गा.वि.स.) का सम्पूर्ण वडाका बासिन्दाहरुका लागि जारी पूँजीको १०% अर्थात २,८०,००० कि
गतेदेखि निष्काशन तथा बिक्री खुल्ला गरिएकोमा आज मिति २०८०/०१/२४ गते आईतबार (बैंकिङ समय
आवेदन लिने कार्य बन्द गरिने व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्राकशित गरिएको
यस निष्काशन कार्यमा संलग्न सम्पूर्ण संकलन बैंक तथा वित्तीय संस्थाहरुले यसै सूचनालाई आधिक
लागि दरखास्तसाथ रकम बुझिलिने कार्य आज मिति २०८० वैशाख २४ गते (बैंकिङ समय पश्चात्)
यस निष्काशन कार्यमा सहयोग तथा सदभाव प्रदान गर्नुहुने सम्पूर्ण शुभेच्छुकहरु, लगानीकर्ता आवेदकहर
वित्तीय संस्थाहरु, निष्काशन बैंकहरु तथा सम्बन्धित सबै नियमन निकायहरुमा धन्यवाद ज्ञापन गर्दछौं ।

दरखास्त दिन पाउने न्यूनतम : १० कित्ता दरखास्त दिन पाउने अधिक

**विवरणपत्र हेर्न तथा प्राप्त गर्न सकिने स्थानहरु :**

| सि.नं. | विवरणपत्र प्राप्त गर्ने स्थानको नाम र ठेगाना |
|---|---|
| १. | प्रभु क्यापिटल लिमिटेड, कमलादी, काठमाडौं, नेपाल; वेबसाइट : www.prabhucapital.co |
| २. | रावा इनर्जि डेभलपमेन्ट लिमिटेड,का.म.पा-१०, बानेश्वर, काठमाण्डौ email: rawa.hyd |
| ३. | नेपाल धितोपत्र बोर्ड, खुमलटार, ललितपुरको वेवसाइट, www.sebon.gov.np |

**आयोजना प्रभावित क्षेत्रका स्थाई बासिन्दाहरुका लागि देहाय बमोजिमका स्थानहरुबाट भौतिक**
**प्राप्त गर्न र बुझाउन सकिने स्थानहरु :**

१. रावा इनर्जि डेभलपमेन्ट लिमिटेड आयोजना कार्यालय, खोटाङ ।
२. प्रभु बैंक लिमिटेड (साबिकको सेञ्चुरी कमर्सियल बैंक लिमिटेड), दिक्तेल शाखा ।
३. प्रभु बैंक लिमिटेड (साबिकको सेञ्चुरी कमर्सियल बैंक लिमिटेड), हलेसी शाखा ।
४. प्रभु बैंक लिमिटेड (साबिकको सेञ्चुरी कमर्सियल बैंक लिमिटेड), लामिडांडा शाखा ।
५. प्रभु क्यापिटल लिमिटेडको कमलादी तथा यस क्यापिटलले निर्माण गरिएको अनलाईन
https://ipoapply.prabhucapital.com लिङ्क मा गई आवेदन दिन सक्नेछ

आयोजना प्रभावित क्षेत्रका स्थानीय बासिन्दाले शेयर खरीद आवेदन प्राप्त गर्नका लागि दरख
(दुई रुपैया) शुल्क बुझाउनु पर्नेछ ।

**कम्पनीको नेटवर्थ सम्बन्धी विवरण :**

वास्तविक